# अर्थ बुलेटिन

वर्ष १ अंक १ श्रावण, २०७६

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## प्रकाशकीय

अर्थ मन्त्रालयले यहि २०७६ साल भदौ महिनादेखि पछिल्लो महिनाका आर्थिक गतिविधीहरुलाई समेट्ने गरी मासिक प्रकाशनको रुपमा **अर्थ बुलेटिन** प्रकाशन सुरु गरेको छ। यस बुलेटिनमा मूलतः तीनखण्ड रहेका छन्। प्रथम खण्डमा देशको समष्टिगत आर्थिक स्थिति झल्कने विवरणहरु रहने छन् जसमा आर्थिक वृद्धि, लगानी, वचत, मुद्रास्फीति, सरकारी वित्त (राजस्व, खर्च, सहायता, ऋण) तथा वैदेशिक व्यापारका विवरणहरु समावेश हुनेछन्। दोस्रो खण्डमा अर्थ मन्त्रालयवाट पछिल्लो महिनामा तर्जुमा गरिएका र सहमति दिइएका ऐन-नियम, कानून र कार्यविधि सम्वन्धी विवरणहरु रहनेछन। तेस्रो खण्डमा अर्थ मन्त्रालयले पछिल्लो महिनामा गरेका क्रियाकलापहरु सम्वन्धी सूचना र जानकारी समावेश गरिनेछ। सुरुमा विद्युत्तीय संस्करणमा प्रकाशन गर्दै लगि केही समयको परीक्षण पश्चात् यसलाई कागजमा मुद्रण गरी प्रकाशन गर्ने लक्ष्य राखिएको छ। यस प्रकाशनबाट मुलुकको अर्थतन्त्र र अर्थ मन्त्रालयका काम कार्वाही बारे जानकारी राख्ने सबै लाभान्वित हुनेछन् भन्ने विश्वास लिईएको छ।

**प्रकाशन तथा सम्पादन**

आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## वर्तमान आर्थिक परिदृष्य

### आर्थिक वृद्धि र मूल्य

चालु आर्थिक वर्ष २०७६/७७ मा ८.५ प्रतिशतको हाराहारीमा आर्थिक वृद्धि हुने लक्ष्य सहित नीति, कार्यक्रम र बजेट कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको छ। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर ७.१ प्रतिशत हासिल भएको अनुमान छ। पछिल्ला वर्षहरुमा नेपालको आर्थिक वृद्धिदर क्रमिक रुपमा सुधारोन्मूख रहेको छ। आर्थिक वर्ष २०७४/७५ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा यस्तो मुद्रास्फीति ४.६ प्रतिशत थियो। चालु आर्थिक वर्षमा उपभोक्ता मुद्रास्फीति दर ६.० प्रतिशत भित्र सीमित रहने अनुमान छ।

### वचत र लगानी

आर्थिक वर्ष २०७४/७५ मा कुल गार्हस्थ्य उत्पादनसँग कुल गार्हस्थ्य वचतको अनुपात १७.८ प्रतिशत रहेकोमा २०७५/७६ मा यस्तो अनुपात २०.५ प्रतिशत रहेको प्रारम्भिक अनुमान छ। यसैगरी, यस अवधिमा कुल गार्हस्थ्य उत्पादनसँग कुल राष्ट्रिय वचतको अनुपात ५२.४ प्रतिशत रहेको अनुमान छ। आर्थिक वर्ष २०७५/७६ मा कुल लगानी २९.० प्रतिशतले वृद्धि भई रू. २१ खर्व ५७ अर्व १८ करोड पुगेको अनुमान छ। यस अवधिमा कुल गार्हस्थ्य उत्पादनसँग कुल लगानीको अनुपात ६२.३ प्रतिशत रहेको अनुमान छ।

### संघीय सरकारी खर्च

आर्थिक वर्ष २०७५/७६ मा संघीय सरकारको कुल खर्च ०.७ प्रतिशतले बढेर रू. १० खर्व ९४ अर्व ५९ करोड रहेको थियो। यस अवधिमा कुल सरकारी खर्चमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको अनुपात क्रमशः ६५.३ प्रतिशत, २१.८ प्रतिशत र १२.९ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७४/७५ मा यस्तो अनुपात क्रमशः ६४.१ प्रतिशत, २४.९ प्रतिशत र ११.० प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०७६/७७ को पहिलो महिनामा संघीय सरकारको कुल खर्च रू. ४ अर्व २७ करोड रहेको छ। सो मध्ये चालु खर्च रू. ३ अर्व ५६ करोड ६४ लाख, पूँजीगत खर्च रू. ५९ करोड ६२ लाख र वित्तीय व्यवस्था अन्तर्गत रू. १० करोड ९१ लाख रहेको छ।

### राजस्व परिचालन

आर्थिक वर्ष २०७५/७६ मा कुल राजस्व परिचालन आर्थिक वर्ष २०७४/७५ को तुलनामा २२.४ प्रतिशतले वृद्धि भै रू. ८ खर्व ५९ अर्व ६० करोड पुगेको थियो।[१] कुल राजस्व परिचालनमा कर राजस्व र गैरकर राजस्वको अनुपात क्रमशः ८८.३ प्रतिशत र ११.७ प्रतिशत रहेको थियो।

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो महिनामा कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १८.७ प्रतिशतको वृद्धि सहित रू. ७२ अर्व ६० करोड रहेको छ। यस अवधिमा संकलित कुल राजस्व मध्ये कर राजस्व रू. ६३ अर्व ४० करोड र गैरकर सहित अन्य राजस्व रू. ९ अर्व २० करोड रहेको छ। आर्थिक वर्ष २०७४/७५ सम्म नेपाल सरकारले संकलन गर्ने प्राकृतिक व्यक्तिको घरबहाल कर, सवारी साधन कर र रजिष्ट्रेशन दस्तुर त्यसपछिका वर्षहरुमा संघीय सरकारले संकलन नगर्ने हुँदा उक्त करहरु यसमा समावेश गरिएको छैन्।



[१] अपरिष्कृत

आर्थिक वर्ष २०७६/७७ को साउन महिनामा संकलित कुल राजस्वमा मूल्य अभिवृद्धि करको अनुपात ३५.० प्रतिशत र आयकरको अनुपात २२.० प्रतिशत रहेको छ भने गैरकर राजस्वको अनुपात १३.० प्रतिशत रहेको छ। चालु आर्थिक वर्षमा बाँडफाँट हुने सहितको कुल राजस्व परिचालनको लक्ष्य रू. ११ खर्ब १२ अर्ब ३ करोड रहेको छ।


**तालिका (क): आर्थिक वर्ष २०७६/७७ को राजस्व लक्ष्य र असुली (रु. अर्बमा)**

| राजस्व शिर्षक | वार्षिक लक्ष्य | राजस्व असुली | | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| | | साउन २०७५ | साउन २०७६ | |
| भन्सार महशुल | २१३.२० | १२.२० | ११.२५ | -७.८२ |
| मू.अ.कर | ३१५.०१ | २१.१४ | २५.३० | १९.६९ |
| आयकर | २८०.३५ | १३.०३ | १५.८१ | २१.३४ |
| अन्तशुल्क | १६९.९८ | ८.६४ | ९.१९ | ६.४१ |
| अन्य # | ३०.६२ | १.९७ | १.८५ | - ६.२९ |
| **जम्मा कर राजस्व** | **१००९.१६** | **५६.९८** | **६३.४०** | **११.२६** |
| **गैरकर राजस्व** | **१०२.८७** | **४.१६** | **९.२०** | **१२१.१५** |
| **कुल राजस्व** | **१११२.०३** | **६१.१४** | **७२.६०** | **१८.७४** |

स्रोतः अर्थ मन्त्रालय।

#यस अन्तर्गत शिक्षा सेवा शुल्क र अन्यकर रहेका छन्। बहालकर र ब्याजकरलाई आयकरमा गणना गरिएको छ।

**चार्ट (क): आर्थिक वर्ष २०७६/७७ को साउन महिनाको राजस्व असुली संरचना**




स्रोतः अर्थ मन्त्रालय।

## करको दायरा विस्तार

२०७६ साउन मसान्तसम्म व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १२ लाख १४ हजार ५ सय २१ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता १२ लाख ४७ हजार ४ सय ८९ पुगेका छन्। २०७६ साउन महिनामा मात्र यस्तो स्थायी लेखा नम्बर लिने करदाता २ लाख ९० हजार ९ सय १४ थप भएका छन्। २०७६ असार मसान्तसम्म स्थायी लेखा नम्बर लिने करदाताहरुको संख्या २१ लाख ७२ हजार २ सय रहेकोमा २०७६ साउन मसान्तसम्म १३.४ प्रतिशतले बढेर २४ लाख ६३ हजार १ सय १४ पुगेको छ। २०७६ साउन मसान्तसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको संख्या २ लाख २५ हजार ९२ पुगेको छ भने २०७६ साउन महिनामा मात्र ११ हजार ३ सय २२ नयाँ करदाताहरु मूल्य अभिवृद्धि करमा दर्ता भएका छन्। २०७६ साउन मसान्तसम्म अन्तःशुल्कमा दर्ता हुने करदाताको संख्या ८३ हजार १ सय पुगेको छ।

**तालिका (ख): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७६ असार मसान्तसम्म दर्ता भएका करदाताको संख्या | २०७६ साउन महिनामा थप भएका करदाताहरुको संख्या | २०७६ साउन मसान्तसम्म दर्ता भएका करदाताको संख्या |
|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | १,१७८,३८३ | ३६१३८ | १,२१४,५२१ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ९९३,०८० | २५४४०९ | १,२४७,४८९ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्वर (WPAN) | ७३७ | ३६७ | १,१०४ |
| **जम्मा स्थायी लेखा नम्बर** | **२,१७२,२००** | **२९०,९१४** | **२,४६३,११४** |
| मूल्य अभिवृद्धि कर | २१३,७७० | ११३२२ | २२५,०९२ |
| अन्तःशुल्क | ७७,४१४ | ५६८६ | ८३,१०० |

स्रोतः आन्तरिक राजस्व विभाग।

## सार्वजनिक ऋण तथा वैदेशिक सहयोग

२०७६ असार मसान्तसम्म सरकारको तिर्न बाँकी खुद सार्वजनिक ऋण २०७५ असार मसान्तसम्मको तुलनामा १४.३ प्रतिशतले बढेर रू. १० खर्ब ४७ अर्ब ८ करोड रहेको थियो। यस अवधिमा तिर्न बाँकी खुद आन्तरिक ऋण रू. ४ खर्ब ५३ अर्ब २३ करोड र तिर्न बाँकी खुद वैदेशिक ऋण रू. ५ खर्ब ९३ अर्ब ८५ करोड रहेको थियो। आर्थिक वर्ष २०७५/७६ मा सरकारले वैदेशिक ऋण तर्फ रू. ९३ अर्ब २९ करोड र आन्तरिक ऋणतर्फ रू. ९६ अर्ब ३८ करोड गरी रू. १ खर्ब ८९ अर्ब ६७ करोड वरावरको सार्वजनिक ऋण परिचालन गरेको थियो। यस अवधिमा सरकारले सावाँ फिर्ता बापत रू. ३४ अर्ब ३१ करोड वरावरको आन्तरिक ऋण भुक्तानी तथा रू. २० अर्ब ४ करोड वरावरको वैदेशिक ऋण भुक्तानी गरेको थियो।

२०७६ साउन मसान्तसम्म सरकारको तिर्न बाँकी खुद वैदेशिक ऋण रू. ६ खर्ब १३ अर्ब २२ करोड तथा खुद आन्तरिक ऋण रू. ४ खर्ब ५३ अर्ब २३ करोड गरी तिर्न बाँकी खुद सार्वजनिक ऋण रू. १० खर्ब ६६ अर्ब ४५ करोड पुगेको छ। तिर्न बाँकी खुद सार्वजनिक ऋणमा आन्तरिक ऋण र बाह्य ऋणको अनुपात क्रमशः ४२.५ प्रतिशत र ५७.५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७६/७७ को साउन महिनामा सरकारले रू. ३ अर्ब ६९ करोड ३६ लाख बरावरको वैदेशिक ऋण प्राप्त गरेको छ भने यस अवधिमा सरकारले आन्तरिक ऋण परिचालन गरेको छैन। अमेरिकी डलरसँग नेपाली रूपैयाको निरन्तर अवमूल्यन हुँदै जानु जस्ता कारणले नेपाल सरकारको थप ऋण दायित्व सिर्जना भएको छ।

आर्थिक वर्ष २०७६/७७ को पहिलो महिनामा वैदेशिक अनुदान रू. २ अर्ब ६० करोड र वैदेशिक ऋण रू. २ अर्ब ५७ करोड गरी जम्मा रू. ५ अर्ब १७ करोड वरावरको शोधभर्ना रकम प्राप्त भएको छ।

## वैदेशिक सहायता प्रतिबद्धता

आर्थिक वर्ष २०७५/७६ मा सरकारले वैदेशिक अनुदान तर्फ रू. ४४ अर्ब ८५ करोड र वैदेशिक ऋण तर्फ रू. ७८ अर्ब गरी जम्मा रू. १ खर्ब २२ अर्ब ८५ करोड बराबरको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त गरेको छ। कुल वैदेशिक सहायता प्रतिबद्धता मध्ये द्विपक्षीय सहायता र बहुपक्षीय सहायताको अंश क्रमशः १९.९ प्रतिशत र ८०.१ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७५/७६ को द्विपक्षीय सहायता प्रतिबद्धतामा भने ऋणको हिस्सा रहेको थिएन। साथै, कुल वैदेशिक सहायतामा सडक, शिक्षा, ऊर्जा र सहरी विकास अन्तर्गत मात्र ७५.० प्रतिशत हिस्सा रहेको थियो।

आर्थिक वर्ष २०७६/७७ को साउन महिनामा सरकारले मानव स्रोत विकास छात्रवृत्ति (Japanese Grant Aid for Human Resource Development Scholarship) पहिलो र दौस्रो चरणको लागि रू. ६३ करोड ९९ लाख र विद्यालय क्षेत्र विकास कार्यक्रम (School Sector Development Program) को लागि रू. ३० करोड ५७ लाख गरी जम्मा रू. ९४ करोड ५६ लाख बरावरको वैदेशिक अनुदान प्रतिबद्धता प्राप्त गरेको छ।

## वित्तीय क्षेत्र

७५३ स्थानीय तहमध्ये २०७५ असार मसान्तसम्म वाणिज्य बैंकको उपस्थिति भएका स्थानीय तहको संख्या ६३१ रहेकोमा २०७६ असार मसान्तसम्म यस्तो संख्या बढेर ७३५ पुगेको छ। यस अवधिमा थप भएका १०४ स्थानीय तहमध्ये सबै भन्दा बढी कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा थप १९/१९ स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार भएको छ। २०७६ साउन मसान्तसम्म वाणिज्य बैंकको उपस्थिति भएका स्थानीय तहको संख्या ७३६ पुगेको छ।

त्यसैगरी, २०७६ असार मसान्तसम्म बैङ्क तथा वित्तीय संस्थाहरुको संख्या (पूर्वाधार विकास बैङ्क सहित) गत वर्षको असार मसान्तको १५१ बाट बढेर १७१ पुगेको छ। बैङ्क तथा वित्तीय संस्थाहरुको शाखा सञ्जाल २०७५ असार मसान्तको तुलनामा ३०.६ प्रतिशतले बढेर ८६८६ पुगेको छ। २०७६ असार मसान्तसम्म ATM सेवा विस्तार भई यसको संख्या ३३१६ पुगेको छ।

**तालिका (ग): वित्तीय पहूँचका सूचकहरु**

| सूचकहरु | असार मसान्तसम्म | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०७४ | २०७५ | २०७६ | २०७४/७५ | २०७५/७६ |
| निक्षेप खाता संख्या* | १९७५४०३६ | २३५४४८५९ | २७८६६५०५ | १९.२ | १८.४ |
| ATM को संख्या | २०८१ | २७९१ | ३३१६ | ३४.१ | १८.८ |
| डेबिड कार्ड संख्या | ४९८०९५८ | ५५४४२५३ | ६७०८५२१ | ११.३ | २१.० |
| क्रेडिट कार्ड संख्या | ६८९६६ | १०४७२१ | १२३१४६ | ५१.८ | १७.६ |
| बैङ्क तथा वित्तीय संस्थाहरुको शाखा सञ्जाल | ५०६८ | ६६५१ | ८६८६ | ३१.२ | ३०.६ |
| वाणिज्य बैङ्कको उपस्थिति भएका स्थानीय तह | - | ६३१ | ७३५ | - | १६.५ |

स्रोतः नेपाल राष्ट्र बैक। *वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीको जम्मा

आर्थिक वर्ष २०७५/७६ मा जीवन तथा निर्जीवन गरी कुल बीमा प्रिमियम संकलन ५५.२ प्रतिशतले बढेर रू. ९५ अर्ब ४० करोड पुगेको छ। २०७५ असारसम्म वीमाको दायरामा रहेको जनसंख्या १४ प्रतिशत रहेकोमा २०७६ असारसम्म यस्तो जनसंख्या १९.० प्रतिशत पुगेको छ र त्यसमा वैदेशिक रोजगार म्यादी जीवन बीमा समेत जोड्दा बीमाको पहुँच २५.० प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७५/७६ मा कुल गार्हस्थ्य उत्पादनमा बीमा क्षेत्रको योगदान ३.० प्रतिशत रहेको थियो।

## पूँजी बजार

२०७५ असार मसान्तमा नेप्से सूचकाङ्क १२१२.३६ विन्दुमा रहेकोमा २०७६ असार मसान्तमा यस्तो सूचकाङ्क ३.८ प्रतिशतले वृद्धि भई १२५९.० विन्दु कायम भएको छ। धितोपत्र बजार पूँजीकरण ९.२ प्रतिशतले वृद्धि भई २०७६ असार मसान्तमा रू. १५ खर्ब ६७ अर्ब ५०

करोड कायम भएको छ। २०७६ असार मसान्तसम्म नेप्सेमा सूचीकृत कम्पनीको संख्या २१५ रहेको छ। आर्थिक वर्ष २०७५/७६ मा हकप्रद सेयर, साधारण सेयर, म्युचुअल फण्ड तथा डिबेन्चर गरी सर्वसाधारणको लागि कुल सेयर निष्काशन आर्थिक वर्ष २०७४/७५ को तुलनामा ५९.१ प्रतिशतले घटेर ६६ करोड ९६ लाख ११ हजार ७३ कित्ता संख्या रहेको थियो। आर्थिक वर्ष २०७४/७५ मा यस्तो कित्ता संख्या ०.१ प्रतिशतले घटेको थियो।

२०७६ साउन मसान्तमा नेप्से सूचकाङ्क १.२ प्रतिशतले बढेर १२२४.०७ विन्दु कायम भएको छ। २०७५ साउन मसान्तमा नेप्से सूचकाङ्क १२१०.३ विन्दुमा रहेको थियो। आर्थिक वर्ष २०७६/७७ को साउन महिनामा धितोपत्र कारोवार गत आर्थिक वर्षको सोही अवधिको तुलनमा १७.८ प्रतिशतले घटेर रू. ८ अर्ब ८८ करोड रहेको छ। आर्थिक वर्ष २०७५/७६ को साउन महिनामा ४ करोड ७५ लाख कित्ता धितोपत्र कारोवार भएकोमा चालु आर्थिक वर्षको साउन महिनामा यस्तो संख्या ३ करोड २२ लाख रहेको छ। यस अवधिमा बजार पूँजीकरण रू. १५ खर्व ५१ अर्ब ५९ करोड ५३ लाख कायम भएको छ।

## बाह्य क्षेत्र

### निर्यात

आर्थिक वर्ष २०७५/७६ मा कुल वस्तु निर्यात १९.४ प्रतिशतले वृद्धि भई रू. ९७ अर्ब ११ करोड पुगेको थियो। यस अवधिमा पाम आयल, पोलिष्टर यार्न, जुटका सामान, दाल चाउचाउ लगायतका वस्तुको निर्यात बढेको थियो भने अलैची, तयारी पोशाक, पश्मिना लगायतका वस्तुहरुको निर्यात घटेको थियो। आर्थिक वर्ष २०७४/७५ मा कुल वस्तु निर्यात ११.४ प्रतिशतले बढेको थियो।

चालु आर्थिक वर्ष २०७६/७७ को साउन महिनामा कुल वस्तु निर्यात २७.७ प्रतिशतले वृद्धि भई रू. ८ अर्ब ८३ करोड ७१ लाख रहेको छ। कुल निर्यात मध्ये भारत, चीन र अन्य देशहरुतर्फ भएको निर्यातको अंश क्रमशः ६८.५ प्रतिशत, २.२ प्रतिशत र २९.३ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः ५७.६ प्रतिशत, १.२ प्रतिशत र ४१.१ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको साउन महिनामा भारत र चीनतर्फको निर्यातमा क्रमशः ५१.८ प्रतिशत र १३२.९ प्रतिशतले वृद्धि भएको छ भने अन्य देशतर्फ भएको निर्यात ९.२ प्रतिशतले घटेको छ।

**तालिका (घ): २०७६ साउन महिनामा निर्यात भएका प्रमुख ५ वस्तुहरु**

| क्र.सं. | वस्तुको नाम | अंश (प्रतिशत) |
|---|---|---|
| १ | जीवजन्तु तथा वनस्पतिको तेल तथा वोसो | २५.१ |
| २ | कफि, चिया, मसला | १०.६ |
| ३ | मानव निर्मित खाद्य फाइबरहरु | ८.० |
| ४ | कार्पेट तथा अन्य टेक्सटाइल | ६.५ |
| ५ | कपडा तथा तयारी पोशाक | ४.९ |
| | अन्य | ४४.९ |

स्रोतः भन्सार विभाग।

### आयात

आर्थिक वर्ष २०७५/७६ मा कुल वस्तु आयात १३.९ प्रतिशतले बढेर रू. १४ खर्ब १८ अर्ब ५४ करोड पुगेको थियो। यस अवधिमा पेट्रोलियम पदार्थ, तयारी पोशाक, विद्युतीय सामान लगायतका वस्तुको आयात बढेको थियो भने सिमेन्ट, प्लाष्टिक दाना स्वास्थ्य उपकरण लगायतका वस्तुको आयात भने घटेको थियो। त्यसैगरी यस अवधिमा सवारी साधनको आयात (संख्यामा) ८.४ प्रतिशतले वृद्धि भै ३ लाख ५६ हजार ३ सय ६६ रहेको थियो। आर्थिक वर्ष २०७४/७५ मा कुल वस्तु आयात २५.८ प्रतिशतले बढेको थियो।

चालु आर्थिक वर्ष २०७६/७७ को साउन महिनामा कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ११.५ प्रतिशतले संकुचन भई रू. १ खर्व ६ अर्ब ७२ करोड ५३ लाख रहेको छ। कुल आयात मध्ये भारत, चीन र अन्य देशहरुको अंश क्रमशः ६३.५ प्रतिशत, १७.४ प्रतिशत र १९.१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः ५८.९ प्रतिशत, १२.४ प्रतिशत र २८.७ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको साउन महिनामा भारत र अन्य देशबाट भएको आयात क्रमशः ४.५ प्रतिशत र ४१.२ प्रतिशतले घटेको छ भने चीनबाट भएको आयात २४.० प्रतिशतले बढेको छ। यस अवधिमा डिजेलको आयातमा ०.४ प्रतिशतले कमी आई १ लाख १६ हजार २ सय ३६ किलोलिटर रहेको छ। त्यसैगरी यस अवधिमा बस, ट्याक्टर, जीप, कार तथा भ्यान र ट्रक तथा डेलिभरी भ्यानको आयात (संख्यामा) गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २७.० प्रतिशतले बढेर ३८३५ पुगेको छ। गत आर्थिक वर्षको पहिलो महिनामा यस्तो आयात १६.८ प्रतिशतले बढेको थियो।

**तालिका (ङ): २०७६ साउन महिनामा आयात भएका प्रमुख ५ वस्तुहरु**

| क्र.सं. | वस्तुको नाम | अंश (प्रतिशत) |
|---|---|---|
| १ | खनिजजन्य इन्धन/तेल | १५.२ |
| २ | फलाम र स्टिल | १०.५ |
| ३ | इलेक्ट्रिकल मेशिनरी/सामान तथा पार्टस | ८.५ |
| ४ | मेशिनरी तथा यान्त्रिक उपकरणहरु तथा पार्टस | ८.३ |
| ५ | सवारी साधान र यातायातका सामान | ६.८ |
| | अन्य | ५०.७ |

स्रोतः भन्सार विभाग।

### व्यापार सन्तुलन

आर्थिक वर्ष २०७४/७५ मा कुल वस्तु व्यापार घाटा २६.९ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०७५/७६ मा यस्तो घाटा १३.५ प्रतिशतले बढेर रू. १३ खर्व २१ अर्ब ४३ करोड रहेको छ। यस अवधिमा कुल वस्तु व्यापार घाटाको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३८.१ प्रतिशत रहेको छ।

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो महिनामा कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.९ प्रतिशतले घटेर रू. ९७ अर्ब ८८ करोड ८२ लाख रहेको छ। यस अवधिमा वस्तु निर्यातमा

भएको वृद्धि तथा आयातमा आएको गिरावट कारण व्यापार घाटा घट्न गएको हो। गत आर्थिक वर्षको पहिलो महिनामा कुल वस्तु व्यापार घाटा ५९.१ प्रतिशतले बढेको थियो।

## वस्तु तथा सेवा व्यापार

आर्थिक वर्ष २०७५/७६ मा कुल वस्तु तथा सेवा व्यापार घाटा १४.६ प्रतिशतले बढेर रू. १३ खर्ब १४ करोड रहेको छ। यस अवधिमा सेवा निर्यात रू. १ खर्ब ८६ अर्ब ८१ करोड र सेवा आयात रू. २ खर्ब ३ अर्ब ३२ करोड भई खुद सेवा निर्यात रू. १६ अर्ब ५२ करोडले घाटामा रहेको छ। आर्थिक वर्ष २०७४/७५ मा खुद सेवा निर्यात रू. २ अर्ब २७ करोडले वचतमा रहेको थियो।

## विप्रेषण आप्रवाह तथा वैदेशिक रोजगार

आर्थिक वर्ष २०७५/७६ मा विप्रेषण आय १६.५ प्रतिशतले बढेर रू. ८ खर्ब ७९ अर्ब २७ करोड पुगेको छ। आर्थिक वर्ष २०७४/७५ मा यस्तो वृद्धि ८.६ प्रतिशत रहेको थियो। यस अवधिमा कुल गार्हस्थ्य उत्पादनमा विप्रेषण आयको अनुपात आर्थिक वर्ष २०७४/७५ को २४.९ प्रतिशतबाट बढेर २५.४ प्रतिशत पुगेको थियो।

पछिल्ला ३ वर्षमा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या निरन्तर घट्दै गईरहेको छ। आर्थिक वर्ष २०७५/७६ मा अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत नयाँ र वैधानिकीकरण) को आधारमा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्यामा ३२.६ प्रतिशतले घटेर जम्मा २ लाख ४३ हजार ८ सय ६८ रहेको थियो। आर्थिक वर्ष २०७४/७५ मा यस्तो संख्या ९.३ प्रतिशतले घटेर जम्मा ३ लाख ६२ हजार २३ रहेको थियो। विगतका वर्षहरुमा मलेशिया जाने नेपाली कामदारको संख्या उच्च रहने गरेकोमा गत आर्थिक वर्षमा मलेशियासँग भएको श्रम समझदारीले निर्धारण गरेका भर्ना सम्बन्धी प्रक्रिया टुंगो नलागेको कारण मलेशिया जाने नेपाली कामदारको संख्यामा उच्च गिरावट आएको कारण समग्रमा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या घट्न गएको हो। पुनःश्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या भने यस अवधिमा ५.४ प्रतिशतले बढेर जम्मा २ लाख ७२ हजार ६ सय १८ पुगेको थियो।

आर्थिक वर्ष २०७६/७७ को पहिलो महिनामा अन्तिम तथा पुनः श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.१ प्रतिशतले घटेर ३२ हजार ४ सय ८ रहेको छ। यस अवधिमा अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या १६.६ प्रतिशतले घटेर १७ हजार ३ सय ७१ रहेको छ। आर्थिक वर्ष २०७५/७६ को पहिलो महिनामा यस्तो संख्या ३३.५ प्रतिशतले घटेको थियो। त्यसैगरी, चालु आर्थिक वर्षको पहिलो महिनामा पुनःश्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या १.३ प्रतिशतले घटेर १५ हजार ३७ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या १.१ प्रतिशतले बढेको थियो।

## चालु खाता एवम् शोधानान्तर स्थिति

आर्थिक वर्ष २०७५/७६ मा शोधानान्तर स्थिति रू. ६७ अर्ब ४० करोडले घाटामा रहेको छ। आर्थिक वर्ष २०७४/७५ मा भने शोधानान्तर स्थिति ९६ करोडले वचतमा रहेको थियो। त्यसैगरी आर्थिक वर्ष २०७४/७५ मा चालु खाता रू. २ खर्ब ४७ अर्ब ५७ करोडले घाटामा रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा चालु खाता घाटा ७.२ प्रतिशतले बढेर रू. २ खर्ब ६५ अर्ब ३७ करोड पुगेको छ।

## विदेशी विनिमय सञ्चिति

२०७५ असारमसान्तमा कुल विदेशी विनिमय सञ्चिति रू. ११ खर्ब २ अर्ब ५९ करोड रहेकोमा २०७६ असार मसान्तमा यस्तो सञ्चितिमा ५.८ प्रतिशतले कमी आई रू. १० खर्ब ३८ अर्ब ९२ करोड रहेको छ। आर्थिक वर्ष २०७५/७६ को आयातलाई आधार मान्दा बैङ्किङ्ग क्षेत्र सँग रहेको विदेशी विनिमय सञ्चितिले ७.८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

**तालिका (च): बाह्य क्षेत्रका परिसूचकहरुको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात**

| परिसूचकहरु | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
| वस्तु निर्यात | २.७ | २.७ | २.८ |
| वस्तु आयात | ३७.० | ४१.१ | ४०.९ |
| वस्तु व्यापार सन्तुलन | -३४.३ | -३८.४ | -३८.१ |
| सेवा निर्यात | ५.९ | ५.९ | ५.४ |
| सेवा आयात | ५.८ | ५.८ | ५.९ |
| खुद सेवा निर्यात | ०.१ | ०.१ | -०.५ |
| वस्तु तथा सेवाको खुद निर्यात | -३३.४ | -३७.४ | -३७.५ |
| विप्रेषण आय | २६.० | २४.९ | २५.४ |
| चालु खाता सन्तुलन | -०.४ | -८.२ | -७.७ |
| भुक्तानी सन्तुलन | ३.१ | ०.०३ | -१.९ |
| विदेशी विनिमय सञ्चिति (असार मसान्तको) | ४०.४ | ३६.४ | ३०.० |

स्रोतः नेपाल राष्ट बैंक/केन्द्रीय तथ्याङ्क विभाग।

## विदेशी लगानी

आर्थिक वर्ष २०७५/७६ मा खुद विदेशी लगानी २५.४ प्रतिशतले घटेर रू. १३ अर्ब ७ करोड रहेको छ। आर्थिक वर्ष २०७४/७५ मा यस्तो लगानी २९.७ प्रतिशतले बढेको थियो।

## विनिमय दर

२०७५ असार मसान्तको तुलनामा २०७६ असार मसान्तमा नेपाली रुपैंया अमेरिकी डलरसँग ०.०२ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर १ को खरिद विनिमय दर रू. १०९.३६ रहेको छ। आर्थिक वर्ष २०७५/७६ मा अमेरिकी डलर १ को औसत खरिद विनिमय दर रू. ११२.८१ र औसत विक्रि विनिमय दर रू. ११३.४१ रहेको छ।

## अन्य आर्थिक गतिविधी

### कम्पनी दर्ता

आर्थिक वर्ष २०७५/७६ मा कम्पनी दर्ता १४.६ प्रतिशतले वृद्धि भई २५ हजार ४ सय ९२ रहेको छ। आर्थिक वर्ष २०७६/७७ को साउन महिनामा कम्पनी दर्ता संख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.५ प्रतिशतले घटेर २६८८ रहेको छ। गत आर्थिक वर्षको साउन महिनामा यस्तो संख्या ३०७२ रहेको थियो।

### पर्यटक आगमन

आर्थिक वर्ष २०७५/७६ (जुलाई २०१८ देखि जुन २०१९ सम्म) मा नेपाल आउने पर्यटकको संख्यामा २३.९ प्रतिशतले वृद्धि भै १२ लाख ३८ हजार ५ सय ८९ पुगेको छ भने जनवरी २०१९ देखि जुलाई २०१९ सम्मको ७ महिनाको अवधिमा यस्तो संख्या ९.८ प्रतिशतले बढेर ६ लाख ५१ हजार २ सय ८० रहेको छ।

### विद्युत खपत

आर्थिक वर्ष २०७५/७६ मा कुल विद्युत खपत १४.१ प्रतिशतले बढेर ६,३०६ गिगावाट घण्टा पुगेको छ। आर्थिक वर्ष २०७४/७५ मा यस्तो खपत ५,५२६.१ गिगावाट घण्टा रहेको थियो।

## नीतिगत तथा कानूनी राय परामर्श

### आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्य योजना स्वीकृत

आर्थिक वर्ष २०७६/७७ को नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित बुँदाहरु कार्यान्वयन गर्ने सन्दर्भमा यस मन्त्रालयसँग सम्वन्धित विषयहरुलाई समेटेर तयार गरेको वार्षिक कार्य योजना स्वीकृत गरी कार्यान्वयन गर्न मन्त्रालय र अन्तर्गतका विभाग तथा निकायहरुमा पठाईएको छ।

### आर्थिक वर्ष २०७६/७७ को राजस्व नीति तथा कार्यक्रम एवं कार्यान्वयन कार्ययोजना तयार

राजस्व व्यवस्थापन महाशाखाले आर्थिक वर्ष २०७६/७७ को राजस्व नीति तथा कार्यक्रम एवं सोको कार्यान्वयन कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्न अन्तर्गतका विभागहरुमा पठाईएको छ। उक्त कार्ययोजनामा आर्थिक वर्ष २०७६/७७ का लागि निर्धारित वार्षिक राजस्व संकलनको लक्ष्यलाई कार्यालयगत, शीर्षकगत र मासिक रुपमा विभाजन समेत गरिएको छ। आर्थिक ऐन, २०७६ मार्फत् कर सम्बन्धी ऐन तथा नियमावलीमा भएका संशोधन तथा करका दरहरुमा भएका परिवर्तन र राजस्व सम्बन्धी थप व्यवस्थाहरु समेत कार्ययोजनामा समावेश गरिएको छ।

### राजस्व बोर्ड गठन आदेशको मस्यौदा तयार

आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लेख भए अनुसार राजस्व परिचालन तथा व्यवस्थापन सम्बन्धमा नेपाल सरकारले अवलम्बन गरेको नीतिगत, कानूनी, संरचनागत र प्रकियागत व्यवस्थाको अध्ययन, विश्लेषण र अनुसन्धान गरी राजस्व प्रणालीलाई व्यवसायमैत्री बनाउने तथा राजस्वको दायरा बढाउँदै प्रगतिशील कर प्रणालीको विकास गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिन स्थायी संयन्त्रको रुपमा राजस्व बोर्ड गठन गर्ने सम्बन्धमा गठन आदेशको मस्यौदा तयार भएको छ।

### कार्य सम्पादन सम्झौता सम्पन्न

चालु आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा उल्लिखित बूँदाहरुको अतिरिक्त नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम अर्थ मन्त्रालयको कार्यक्षेत्र भित्रका कार्यहरुको प्रगति सूचक र समय सूचकमा आधारित भई मूल्याङ्कन आधार तयार गरी प्रभावकारी रुपमा कार्यसम्पादन गर्न अर्थ सचिव र महाशाखा प्रमुख एवं विभागीय प्रमुखहरुबीच कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ। सोही आधारमा महाशाखा प्रमुख र शाखा प्रमुखबीच र विभागीय प्रमुख र महाशाखा प्रमुख एवं शाखा प्रमुख र कार्यालय प्रमुखहरुबीच कार्य सम्पादन सम्झौता सम्पन्न भएको छ।

### कानूनी सुधार तथा राय परामर्श

❖ बिषयगत निकायबाट रायका लागि अर्थ मन्त्रालयमा प्राप्त भएका देहायका ऐन/नियमावली/निर्देशिका/कार्यविधिको मस्यौदामा राय परामर्श दिइएको छ।

- संघ संस्थाको स्थापना, दर्ता तथा सञ्चालन सम्बन्धी कानूनको संशोधन तथा एकीकरण गर्न बनेको विधेयक, २०७५
- डिप्लोमा इन्जिनियिङ्ग परिषद् ऐनको मस्यौदा, २०७६
- सार्वजनिक सडक ऐन, २०३१ को तेस्रो संशोधन मस्यौदा, २०७६
- नेपाल रेल्वे कम्पनी लिमिटेडको कर्मचारी प्रशासन नियमावली मस्यौदा, २०७५
- सडक बोर्डको कार्यकारी निर्देशिकको नियुक्ति, पारिश्रमिक सुविधा तथा सेवाका शर्त सम्बन्धी नियमावली, २०५९ को पहिलो संशोधन नियमावली मस्यौदा, २०७६
- बौद्धिक सम्पत्ति सम्बन्धित प्रचलित कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक, २०७६
- स्थानीय तहमा विदेशी स्वयंसेवक परिचालन कार्यविधिको मस्यौदा, २०७६
- वैदेशिक रोजगार नियमावली, २०६४ को पाँचौ संशोधन गर्न बनेको मस्यौदा, २०७६
- एकीकृत स्वास्थ्य शिक्षा प्रतिष्ठान सम्बन्धी विधेयक, २०७५

- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावलीको मस्यौदा, २०७६
- युवा तथा खेलकूद मन्त्रालयबाट युवा तथा साना व्यवसायी स्वरोजगार कोष लगानी, अनुगमन तथा असुली निर्देशिका २०७५ को मस्यौदाका केही बुँदामा परिमार्जन सहित सहमति दिइएको छ।
- वीरगञ्ज चिनी कारखानाको ६ विगाहा जग्गा उच्च अदालत जनकपुरको अस्थाई इजलास वीरगञ्ज र पर्सा जिल्ला अदालतको लागि बिक्री गर्न सहमति दिने तर पूँजीगत लाभकर छुट नदिई सो बराबरको रकम निकासा दिने गरी सहमति दिइएको छ।
- नागरिक लगानी कोष कर्मचारी सेवा शर्त सम्बन्धी (आठौं संशोधन) नियमावली, २०७६ मा स्वीकृति दिइएको छ।

❖ नेपाल सरकार, मन्त्रिपरिषदबाट निर्णय गर्नका लागि देहायका बिषयको मस्यौदा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ।

- निवृत्तभरण कोष ऐन, २०७५ को दफा ३४ बमोजिम निवृत्तभरण कोष नियमावली, २०७६ को मस्यौदा।
- समपूरक अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७६ र विशेष अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७६ को मस्यौदा।

❖ नेपाल सरकार, मन्त्रिपरिषदबाट निर्णय भएका देहायका बिषय नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने प्रयोजनका लागि कानून,न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ।

- नेपाल सरकार, अर्थ मन्त्रालयले भन्सार ऐन, २०६४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी भारतको बरौनी नोनीया हुँदै नेपालको अमलेखगन्जसम्म नेपाल आयल निगमले पेट्रोलियम पदार्थ पैठारी गर्न विछ्याइएको पाइपलाइनलाई बाटो तोकिएको सम्बन्धी सूचना।
- सरकारी लेखासँग सम्बन्धित फारमहरुलाई नेपालको संघीय संरचनाका आधारमा समयसापेक्ष रुपमा संशोधन, परिमार्जन, थप एवं खारेज गरी नेपालको संविधानको धारा २४१ को उपधारा (४) बमोजिम स्वीकृत गरिएका १४२ थान म.ले.प फारमहरु सम्बन्धी सूचना।
- निवृत्तभरण कोष ऐन, २०७५ को दफा ३ बमोजिम निवृत्तभरण कोषको स्थापना नभएसम्मको लागि सोही ऐनको दफा २४ बमोजिम निवृत्तभरण कोष संचालनसम्बन्धी कार्य गर्ने निकायको रुपमा कर्मचारी संचय कोषलाई तोक्न प्रस्ताव पेश भएकोमा मन्त्रिपरिषद्को मिति २०७६/०४/१६ को निर्णयले सोही प्रस्ताव स्वीकृत भएकोले सो सम्बन्धी सूचना।

## मन्त्रालयका गतिविधीहरु

### वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको वैठक

आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको वैठक मिति २०७६/४/२१ मा माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको अध्यक्षतामा बसी देहाय बमोजिम निर्णय भएको थियो।

- अर्थ मन्त्रालय र अन्तर्गत वा अर्थ मन्त्रालय सम्पर्क कार्यालय भएका नियामक निकाय, सार्वजनिक संस्थान र अन्य निकायहरु र आयोजनाहरुमा कार्यरत अधिकृत तहसम्म अनिवार्य रुपमा श्रावण मसान्त भित्र कार्यसम्पादन करार सम्झौता गरी अर्थ मन्त्रालयमा जानकारी गराउने। करार सम्झौतामा सम्पादन गर्नु पर्ने कामलाई वस्तुनिष्ठ तथा मापनयोग्य (Objective and Measurable) बनाउने र समग्र काम (करार) लाई १०० पूर्णाङ्क मानी ८० अंक भन्दा माथि प्रगति हासिल गर्नेलाई अतिउत्तम (Best) , ६५ देखि ८० अंक सम्मलाई उत्तम (Better) ५० अंक देखि ६५ अंकसम्म लाई सामान्य (Good),र ५० अंक भन्दा कम प्रगति हासिल गर्नेलाई न्यून कार्यसम्पादन हासिल गरेको मानिने।
- अर्थ मन्त्रालय र अन्तर्गत वा अर्थ मन्त्रालय सम्पर्क कार्यालय भएका नियामक निकाय, सार्वजनिक संस्थान र अन्य निकाय/आयोजनाहरुले मासिक रुपमा गरेका नीतिगत, बजेट कार्यान्वयन, कर्मचारी व्यवस्थापन र मन्त्रालयले सहजिकरण गर्नुपर्ने विषय समेतको प्रतिवेदन प्रत्येक महिना समाप्त भएको मितिले ७ दिनभित्र अनिवार्यरुपमा मन्त्रालयको योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखामा पठाउने व्यवस्था गर्ने।
- चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि आवश्यक तयारी भदौ मसान्तसम्ममा सम्पन्न गरी नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना बमोजिम कार्य सम्पादन गर्न गराउन निरन्तर अनुमगन गर्ने।
- अर्थ मन्त्रालय र अन्तर्गत सबै निकायहरुले जनशक्ति योजना बनाउने, कार्यविधि, निर्देशिका संशोधन गर्नुपर्ने भए श्रावण भित्र सम्पन्न गरिसक्ने र नयाँ कार्यविधि, निर्देशिका तथा नियमावली तर्जुमा गर्नुपर्ने भए भाद्र मसान्तभित्र गरिसक्नु पर्ने र मन्त्रालयमा विनियोजित पूँजीगत खर्चलाई प्रभावकारी रुपमा समय भित्रै उपयोग गर्ने।
- प्रत्येक निकायबाट सहमति माग भई आएको वा सहमतिका लागि पठाईएको पत्रको जवाफ आफैले तयार गर्नुपर्ने भए ७ दिन भित्र र अन्य निकायको सहकार्यमा सम्पन्न गरिनुपर्ने भए १५ दिनभित्र अनिवार्य रुपमा पठाउने।
- अर्थ मन्त्रालय र अन्तर्गतका निकायबाट सम्प्रेषण हुने सूचना र तथ्याङ्कमा एकरुपता कायम गर्न आपसी समन्वय गर्नुका साथै आफ्नो निकायको प्रवक्ताबाट मात्र आधिकारिक सूचना प्रवाह गर्ने व्यवस्था मिलाउने। मन्त्रालयको प्रवक्ताले वोल्नु पर्ने विषयहरु प्रत्येक शुक्रवार प्रवक्ताको कार्यालयमा उपलब्ध गराउने।

कार्यालयको काम सम्बन्धी सूचना तथा टिप्पणी सामाजिक सञ्जालको व्यक्तिगत खाता मार्फत नगर्ने।

- अर्थ मन्त्रालय मातहतका तथ्याङ्कमा एकरुपता कायम गर्ने। एक निकायको तथ्याङ्क अर्को निकायसँग नमिल्ने भए सोको कारण समेत उल्लेख गर्ने। यसका लागि अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, महालेखा नियन्त्रक कार्यालय, आन्तरिक राजस्व विभाग र भन्सार विभागले निरन्तर समन्वय गर्ने।
- चौमासिक समीक्षामा विकास आयोजना मात्र नभएर समग्र कार्यसम्पादनको समेत छलफल/समीक्षा गर्ने गरी व्यवस्था मिलाउने। चौमासिक समीक्षा हुन कम्तिमा ३ दिन अगावै अर्थ मन्त्रालय र अन्तर्गत वा अर्थ मन्त्रालय सम्पर्क कार्यालय भएका नियामक निकाय, सार्वजनिक संस्थान र अन्य निकायहरुले मन्त्रालयले तोकेको ढाँचामा प्रगति विवरण सचिव मार्फत माननीय अर्थमन्त्रीलाई उपलब्ध गराउने।
- प्रचलित कानून, नियम, नियमावली, विनियम वा अख्तियारीले सरोकारवालाको समस्या समाधान गर्न नसक्ने वा सरोकारवालालाई सेवा दिन बाधा पुऱ्याएको भए लिखित रुपमा मन्त्रालयमा जानकारी गराउने।
- सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) प्रयोजनका लागि आर्थिक बर्ष २०७५/७६ मा यस मन्त्रालयबाट सम्पादन गरिएका कार्यहरुको विवरण मन्त्रालयको विद्युतीय सञ्जालमा सार्वजनिक गर्ने।

## अन्य गतिविधि

- यस मन्त्रालय र अन्तर्गतका निकायहरुमा कार्यरत कर्मचारीहरुको लागि परिमार्जित आचार संहिता २०७५ (Code of Conduct) कार्यान्वयनका लागि अन्तर्गतका निकायहरुमा परिपत्र साथ पठाइएको।
- यस मन्त्रालयको लागि आ.व. २०७६/७७ मा आवश्यक पर्ने मसलन्द/स्टेशनरी, विज्ञापन सेवा, कुरियर सेवा, लगायतको सेवा तथा वस्तु खरिद सम्बन्धमा वार्षिक खरिद योजना तयार गरी खरिद प्रकृया अगाडि बढाइएको।
- यस मन्त्रालयका लागि Database Management System (DMS) तयार भई संचालनमा आएको र उक्त प्रणालीमा सबै महाशाखाहरुको भौतिक Data लाई Digitization गर्ने प्रकृया अगाडि बढाइएको।

## भन्सार विभाग तथा आन्तरिक राजस्व विभागको व्यवस्थापन गोष्ठी

मिति २०७६ श्रावण १६ र १७ गते भन्सार व्यवस्थापन गोष्ठी सम्पन्न भएको छ। गोष्ठीको सफलताको शुभकामना व्यक्त गर्नु हुदैं मा. अर्थमन्त्री डा. युवराज खतिवडाले भन्सारको भौतिक पूर्वाधार सुधार, भन्सारको रणनीतिमा परिवर्तन, चोरी पैठारी लगायतका अवैध व्यापार नियन्त्रण, बैंकिङ्ग प्रणालीको उपयोग तथा Single Window पद्दतिको कार्यान्वयनमा अगाडि बढ्न भन्सार प्रशासनलाई निर्देशन दिनुभयो। जाँचपासलाई प्रभावकारी बनाई व्यवसायको लागत र समय कम गर्न भन्सार प्रशासन क्रियाशील हुनुपर्ने समेत बताउनु भयो।

आर्थिक वर्ष २०७५/७६ मा लिइएका राजस्व सम्बन्धी नीति तथा कार्यक्रम र विद्यमान कर कानून कार्यान्वयनको समीक्षा गर्दै त्यसबाट प्राप्त पृष्ठपोषणका आधारमा आर्थिक वर्ष २०७६/७७ को राजस्व नीति/कार्यक्रम एवं सम्बद्ध कर कानूनमा भएका संशोधित प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गरी लक्षित कर संकलनको आवश्यक रणनीति तय गर्ने सम्बन्धमा २०७६, श्रावण १९ र २० गते आन्तरिक राजस्व विभागको व्यवस्थापन गोष्ठी सम्पन्न भएको छ।

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले गोष्ठी उदघाटन गर्दै दोस्रो तहको कर सुधार गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो। राजस्व प्रशासनको सुधार गर्न निजी क्षेत्र समेतको प्रतिनिधित्व रहने गरी स्थायी प्रकृतिको राजस्व बोर्ड गठन हुन गईरहेको जानकारी दिदै उहाँले आ-आफ्नो ठाउँबाट सुधारको प्रयासमा सहयोग गर्न व्यवसायीहरुलाई आह्वान गर्नुभयो।

राजस्व सचिव श्री लाल शंकर घिमिरेको अध्यक्षतामा सम्पन्न उक्त गोष्ठीमा अर्थ सचिव डा. राजन खनाल, अर्थ मन्त्रालयका सह सचिवहरु, आन्तरिक राजस्व विभागका महानिर्देशक, राजस्व अनुसन्धान विभागका महानिर्देशक, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रका तालिम प्रमुख, अर्थ मन्त्रालय लगायत भन्सार प्रशासनसंग सम्वन्धित कर्मचारीहरु तथा निजीक्षेत्रका प्रतिनिधि र सञ्चारकर्मीहरु समेतको सहभागिता रहेको थियो।

## आन्तरिक राजस्व कार्यालय, धुलिखेलको कार्यालय उद्‌घाटन



माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाबाट मिति २०७६ श्रावण ३१ गते शुक्रवारका दिन एक समारोहका बीच आन्तरिक राजस्व कार्यालय, धुलिखेलको उद्घाटन गर्ने कार्य सम्पन्न गरियो। कार्यालय उद्घाटनको क्रममा मन्तव्य दिंदै मा. मन्त्रीज्यूले सरकारले वैज्ञानिक रुपमै करको व्यवस्थापन गरिसकेकाले अब करको दर बढाउँने ठाउँ बाँकी नभएको तथा अब नागरिकस्तरबाट पनि आफूले तिरेको करको प्रतिफल खोज्ने बेला आएको भन्दै त्यो प्रतिफलको खोजी स्थानीय सरकारबाट सुरु गर्न आग्रह गर्नुभयो। काभ्रेपलाञ्चोक, रामेछाप, दोलखा र सिन्धुपाल्चोक जिल्ला कार्यक्षेत्र रहेको यस कार्यालयलाई गत आर्थिक वर्षमा मात्र करदाता सेवा कार्यालयबाट स्तरोन्नति गरिएको थियो।